# भरतपुर महानगरपालिकाको
# सम्मानित नगरसभाको १९ औं अधिवेशनमा
# कार्यवाहक नगर प्रमुख
# श्री चित्रसेन अधिकारीज्यूले
# प्रस्तुत गर्नु भएको

**आर्थिक वर्ष** २०८३/०८४ को

बजेट वक्तव्य

८ असार २०८३

नगर सभाका सदस्यज्यूहरू !

भरतपुर महानगरपालिकाको गरिमामय नगरसभाको १९औं अधिवेशनमा महानगरपालिकाको का.वा.नगर प्रमुखको हैसियतले नेपालको संविधानको धारा २३० बमोजिम आ.व. २०८३/०८४ को आय र व्यय अनुमान बजेट खाका यस सम्मानित सभामा पेश गर्न पाएकोमा गौरव गर्दै यस महत्त्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै संघीय शासनपद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नुहुने महान् नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गर्दछु।

प्रस्तुत बजेटले महानगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि, दीगो पूर्वाधार, नवप्रर्वतन एवम् उद्यमशीलता तथा विपद् उत्थानशील विकासमा रणनीतिक महत्त्व राख्ने विश्वास लिएको छु।

"मध्य नेपालको सुन्दर शहरः समृद्ध र सुसंस्कृत भरतपुर महानगर " भन्ने मूल नारालाई आत्मसात् गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी, दीगो पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाहमार्फत् सुशासन कायम गरी महानगरवासीलाई परिर्वतनको प्रत्यक्ष लाभ पुऱ्याउन महानगरपालिका प्रतिबद्ध रहेको जानकारी गराउँन चाहन्छु ।

नेपालको संविधान, संघीय तथा बागमती प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनकोरूपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, महानगरको अर्थ विधेयक २०८३, बिनियोजन विधेयक २०८३, आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम, संघीय तथा बागमती प्रदेश सरकारको आ.व. २०८३/०८४ का नीति तथा कार्यक्रम, महानगरका विषयगत समितिका सुझावहरू, विज्ञ महानुभावका सुझावहरू, दीगो विकासका लक्ष्यहरू, नगर सभाका सदस्यज्यूहरूले दिनुभएका सुझावहरू, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दलहरू, विभिन्न संघ, संस्था एवम् सरोकारवालाको सुझाव र महानगरबासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त महत्त्वपूर्ण सुझाबहरूलाई समेत समेटी आ. व. २०८३/ ०८४ को नीति कार्यान्वयन गर्ने औजारकोरूपमा यो बजेट रहनेछ।

नगर सभाका सदस्यज्यूहरू !

अब म भरतपुर महानगरपालिकाको वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आ. व. २०८२।०८३ को लागि पूरक बजेट तथा जेष्ठ मसान्तसम्मको थप अख्तियारी समेत गरी कुल बजेट रू ५ अर्व २२ करोड ३१ लाख ७९ हजार अनुमान गरिएको मध्ये चालु शीर्षकमा रू २ अर्व ६० करोड १६ लाख १२ हजार ६८१ रूपैया विनियोजन भएकोमा मिति २०८३ जेठ मसान्तसम्म रू १ अर्व ८३ करोड ५० लाख ३६ हजार १८५ रूपैया अर्थात ७०.५३ प्रतिशत र पूँजीगततर्फ रू २ अर्व ६२ करोड ७६ लाख १६ हजार ३१९ रूपैया विनियोजन भएकोमा जेष्ठ मसान्तसम्म ९८ करोड ६३ लाख ३९ हजार ४५० रूपैया अर्थात ३७.५४ प्रतिशत गरी कुल खर्च जम्मा रू २ अर्व ८२ करोड

१३ लाख ७५ हजार ६३५ अर्थात ५३.९४ प्रतिशत रहेको अवस्था छ ।

आन्तरिक आम्दानीतर्फ रू १ अर्ब ८० करोडको लक्ष्य रहेकोमा मिति २०८३ जेष्ठ मसान्तसम्म रू १ अर्व २५ करोड ६७ लाख अर्थात ६९.४४ प्रतिशत आम्दानी भएको छ। साथै संघीय सरकारबाट समानीकरण अनुदान रू ४० करोड ८३ लाख विनियोजन भएकोमा जेष्ठ मसान्तसम्म रू ३७ करोड ३३ लाख ९० हजार र प्रदेश सरकारबाट समानीकरण अनुदान रू ४ करोड ६६ लाख ६ हजार विनियोजन भएकोमा जेष्ठ मसान्तसम्म विनियोजनको पुरै रकम नै निकासा प्राप्त भएको जानकारी गराउँन चाहन्छु।

त्यस्तै संघीय सरकारवाट राजस्व बाँडफाँड शीर्षकमा प्रक्षेपित रू ३१ करोड ९० लाख ८५ हजार रहेकोमा जेष्ठ मसान्तसम्म रू २७ करोड २७ लाख ४८ हजार तथा बागमती प्रदेशवाट प्रक्षेपित रू १४ करोड ०४ लाख ५४ हजार मध्ये जेष्ठ मसान्तसम्म ८ करोड ६९ लाख ५४ हजार अर्थात क्रमश ८५.४७ र ६१.९० प्रतिशत प्राप्त भएको अवस्था छ।

२०८३ आषाढ मसान्तसम्म आन्तरिक आम्दानीतर्फ घरजग्गा रजिष्ट्रेसन शुल्कसमेत गरी करिब रू. १ अर्व ५० करोड आम्दानी रहने अनुमान गरेको छु । खर्च तर्फ चालु खर्च करिब रू २ अर्व १५ करोड र पुँजिगत खर्चतर्फ करीब रू १ अर्व ४५ करोड रहने अनुमान गरिएको छ।

साथै अन्तर सरकारी अख्तियारी शीर्षकमा संघीय सरकारबाट विनियोजित रू १ अर्व १२ करोड ३१ लाख ६० हजार भएकोमा जेष्ठ मसान्तसम्म

रू ९१ करोड ६६ लाख ९६ हजार अर्थात ८१.६१ प्रतिशत र बागमती प्रदेशबाट विनियोजित रू ९ करोड मध्ये रू ६ करोड ९८ लाख ९९ हजार अर्थात ७७.६६ प्रतिशत खर्च भएको छ।

नगर सभाका सदस्यज्यूहरू !

**अब म आगामी आ.व. २०८३।०८४ मा प्रस्ताव गरिएको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**बजेटका उद्देश्यहरू :**

(क) दीगो पूर्वाधार, समृद्धिको आधार भन्ने मान्यतालाई आत्मसात गर्दै भरतपुरलाई समृद्ध, स्वच्छ, सफा, हरियालीयुक्त र सुरक्षित शहरका रूपमा विकास गर्ने ।

(ख) आर्थिक, सामाजिक, वातावरणीय तथा संस्थागत विकासमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।

(ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा आधारभूत सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

(घ) रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन तथा स्थानीय आर्थिक विकासलाई सुदृढ बनाउने ।

(ङ) सुशासन, पारदर्शिता, जवाफदेहिता तथा डिजिटल सेवा प्रवाहलाई प्रभावकारी बनाउने।

**प्राथमिकताका क्षेत्रहरू :**

१.शहरी पूर्वाधार विकास

- सडक, नाला, पुल तथा एकीकृत शहरी पूर्वाधार विकास
- अधुरा आयोजनाको सम्पन्नता
- GIS मा आधारित शहरी सूचना प्रणाली

२.शिक्षा, स्वास्थ्य युवा तथा खेलकुद

- विद्यालय शिक्षा सुधार
- दिवा खाजा कार्यक्रम
- आधारभुत स्वास्थ्य सेवा विस्तार
- युवा तथा खेलकुद विकास

३.कृषि, पशुपालन तथा स्थानीय आर्थिक विकास

- कृषि आधुनिकीकरण
- उद्यमशीलता विकास
- रोजगारी सिर्जना तथा निजी क्षेत्रसँग सहकार्य

४.वन, वातावरण, विपद तथा फोहोरमैला व्यवस्थापन

- PPP मोडलमा आधुनिक फोहोर प्रशोधन केन्द्र
- हरियाली प्रवर्द्धन
- जलवायू अनुकुल तथा विपद् व्यवस्थापन

५.पर्यटन, उद्योग, वाणिज्य तथा सहकारी

- पर्यटन प्रवर्धन
- स्थानीय उद्योग तथा व्यवसाय विकास
- सहकारी क्षेत्र सुदृढीकरण

६.सामाजिक समावेशीकरण तथा लैङ्गिक समानता

- महिला सशक्तिकरण
- सामाजिक न्याय तथा समावेशी विकास

७.राजस्व तथा संस्थागत सुदृढिकरण

- कर प्रशासन सुधार
- वित्तीय अनुशासन
- संस्थागत क्षमता अभिवृद्धि

८. सूचना प्रविधि तथा डिजिटल सुशासन

- डिजिटल अभिलेख व्यवस्थापन
- अनलाइन सेवा तथा डिजिटल प्रशासन

उल्लेखित उद्देश्य एवम् प्राथमिकता कार्यान्वयन गर्न नेपाल सरकार, बागमती प्रदेश सरकार, छिमेकी स्थानीय तह, निजी तथा सहकारीक्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय टोलविकास संस्थासँग समन्वय एवम् साझेदारी गरिनेछ ।

नगर सभाका सदस्यज्यूहरू!

अब म, महानगरको आ.व. २०८३/०८४ को कुल आयव्ययको अनुमानित विवरण गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

महानगरपालिकाको आ.व. २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कूल व्यय रू. ५ अर्ब ५१ करोड ७० लाख २३ हजार ४०० रहेको छ। यसको लागि आयतर्फ आन्तरिक आय रू २ अर्व ४ करोड (घरजग्गा रजिष्ट्रेशन एवम् खानी तथा खनिजजन्य पदार्थको बाँडफाँडबाट प्राप्त समेत), अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट (संघ र प्रदेश तर्फ) रू २ अर्व १७ करोड ७३ लाख ९८ हजार, संघ राजस्व बाँडफाँडबाट रू ३३ करोड १२ लाख ६४ हजार तथा वागमती प्रदेश सरकारको राजस्व बाँडफाँडबाट रू १३ करोड ४० लाख ६१ हजार , नगर विकास कोषबाट रू ४ करोड, जनसहभागिताबाट रू ३ करोड, बैंक मौज्दात रू ७४ करोड ५० लाख, सडक बोर्ड नेपालबाट रू १ करोड ९३ लाख रहने प्रक्षेपण गरेको छु ।

सामाजिक सुरक्षा लगायत अन्तरसरकारी अख्तियारी शीर्षकमा अनुमानित रू १ अर्व २५ करोड खर्च हुने प्रक्षेपण गरेको छु । जसलाई अन्तर

सरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखाकंन साथै प्रतिवेदनको प्रबन्ध गरिने छ।

अब म, क्षेत्रगत कार्यक्रम तथा विनियोजन गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**अधुरा तथा क्रमागत र बहुवर्षीय आयोजनाहरू**

गत विगत आ.व. तथा चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका योजनाहरू समयमै सम्पन्न गर्नको लागि रू ६० करोड विनियोजन गरेको छु ।

विगत आर्थिक वर्षमा भएका योजनाहरूको दायित्व तथा आर्थिक वर्ष २०८२।०८३ मा बहुवर्षीय ठेक्का प्रणालीबाट सञ्चालन भएका योजनाहरूको भुक्तानीको लागि एकमुष्ट रू १२ करोड ७६ लाख ६९ हजार व्यवस्थापन गरेको छु ।

**वडास्तरबाटै सम्पन्न हुने आयोजनाहरू**

हरेक वडाको सन्तुलित विकासका लागि सम्बन्धित वडास्तरवाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाईने छ। यसरी कार्यान्वय हुने आयोजनाहरूको लागि प्रत्येक वडामा न्यूनतम र सुत्रमा आधारित गरी दुई विधिवाट वडास्तरीय सिलिङ निर्धारण गरिएको व्यहोरा यो सम्मानित सभालाई जानकारी गराउदै यसले वडागत तथा समग्र महानगरपालिकाको विकासमा प्रतिस्पर्धा कायम हुने अपेक्षा राखिएको छ। वडामा न्यूनतम बजेट सिलिङ रू ३ करोड १९ लाख ६० हजार र अधिकतम रू ३ करोड ३८ लाख ५८ हजार रहेको जानकारी गराउन चाहान्छु। यसरी जम्मा वडास्तरीय आयोजनाहरूमा रू ९४ करोड ९० लाख बजेट

विनियोजन गरेको छु । यसबाट वडागत तथा विषयगत रूपमा विकासमा थप प्रतिस्पर्धा हुने अपेक्षा राखिएको छ।

## सहरी पूर्वाधार

ठूला तथा रणनीतिक महत्त्व तथा गौरवका पूर्वाधार निर्माण गर्न एवम् संघीय सरकार र बागमती प्रदेश सरकारबाट प्रस्तावित समपूरक र विशेष अनुदान अन्तर्गतका योजनाहरू एवम् संघ संस्था, उपभोक्तासमेत बाट साझेदारी हुने कार्यक्रमको कार्यान्वयन गर्नको लागि समपुरक साझेदारी कोष स्थापना गरिनेछ यसको कार्यान्वयनको लागि रू २१ करोड ९० लाख ६१ हजार बजेट विनियोजन गरेको छु। संघीय सरकारको साझेदारीमा एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको लागि ५ करोड ५० लाख विनियोजन गरेको छु।

सडक तथा ढल निर्माण,स्थानीय स्तरका सडक, पुल तथा सामुदायिक पहुँच सुधार ,घर नम्बर प्लेट तथा सडक ठेगाना बोर्ड जडानलगायतका शहरी सौन्दर्य र भूउपयोग तथा वस्ती विकाससम्बन्धी कार्यक्रम कार्यान्वयन गर्नको लागि रू २१ करोड ५५ लाख बजेट विनियोजन गरेको छु ।

## कृषि तथा पशुविकास

संरचना सुधार सहितको कृषि तथा पशुल्याब स्थापना, सिञ्चाई, कुलो तथा बोरिङ्ग निर्माणमा अनुदान, कृषकको क्षमता अभिवृद्धि, कृषक सूचीकरण कार्यक्रम तथा एग्रो टुरिजमलाई प्रोत्साहन गर्न कृषि उपकरण खरिदमा अनुदान, दुध उत्पादनमा दिइँदै आएको अनुदान निरन्तरता कार्यक्रम, पशु

सेवा केन्द्रको स्तरोन्ती तथा सुदृढीकरण, रेविज रोग नियन्त्रण तथा सामुदायिक कुकुर व्यवस्थापनलगायत कृषि तथा पशुविकास कार्यक्रमका लागि रू ८ करोड ७० लाख बजेट विनियोजन गरेको छु । कृषि उपज भण्डार गर्न चिस्यान केन्द्र निर्माणको लागि रू ३ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

## शिक्षा विकास

सामुदायिक विद्यालयलाई खानेपानी तथा विद्युत महशुलमा अनुदानको सुरूवात, बालविकास शिक्षामा पहुँच विस्तार, शैक्षिक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता, श्रोत कक्षा र विशेष विद्यालयहरूको व्यवस्थापनमा गरिएको लगानीको निरन्तरताका साथै शिक्षामा पहुँच एवम् गुणस्तर कायम गर्ने, विद्यालयको कक्षा घटाउने तथा विद्यालय समायोजन गर्दै दरबन्दी मिलान लगायतका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि रू ११ करोड ७५ लाख बजेट विनियोजन गरेको छु । महानगरपालिकाको भाषा, साहित्य, कला र संस्कृतिको उन्नयनको लागि भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानलाई रू ३० लाख विनियोजन गरेको छु ।

## नियमित मर्मत सम्भार

महानगरपालिका भित्रका सडकलाई नियमित रूपमा मर्मत तथा संभार गर्न, खाल्टाखुल्टीरहित बनाउन, सार्वजनिक भवन मर्मत तथा सुधार गर्नको लागि नियमित मर्मत संभारतर्फ रू ६ करोड बजेट विनियोजन गरेको छु ।

## स्वास्थ्य सेवा

अति विपन्न दलित एवम्  भूमिहीनहरूका लागि निःशुल्क स्वास्थ्य बीमा सञ्चालन कार्यक्रम, शिवनगर अस्पताल पूर्वाधार निर्माण तथा सुदृढिकरण कार्यको लागि रू ४ करोड  बजेट विनियोजन गरेको छु।

निःशुल्क औषधि उपलब्ध, स्वास्थ्य संस्थाको भवन निर्माण, समुदायसंग महानगर स्वास्थ्य कार्यक्रम, रक्तदान प्रोत्साहन कार्यक्रम, स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य परीक्षण स्क्रिनिङ कार्यकम, आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिमा आधारित उपचार लगायतका स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न रू २ करोड ४० लाख बजेट विनियोजन गरेको छु । महानगरपालिका अन्तरगत विभिन्न स्थानमा खुल्ला व्यायामशाला निर्माण कार्यको लागि रू ५० लाख बजेट विनियोजन गरेको छु ।

## खानेपानी वातावरण सरसफाई तथा हरियाली प्रवर्धन

महानगरपालिकाभित्र मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने उपभोक्ताको खानेपानी महसुल भुक्तानीमा निरन्तरताको लागि रू २ करोड बजेट व्यवस्थापन गरेको छु।

प्रभावकारी फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन स्रोत/ प्रशोधन  केन्द्र स्थापना कार्यक्रम,  चोक सुधार कार्यक्रम, भरतपुर समन्वय पार्क, सडक सौन्दर्यीकरण तथा पर्यावरणीय कार्यक्रम, मोबाइल शौचालय व्यवस्थापन, टोल विकास संस्थाहरूसंग मागमा आधारित कार्यक्रम, सामुदायिक वन उपभोक्ता समितीहरूसंगको सहकार्यमा कार्यक्रम सञ्चालनको लागि एकमुष्ठ रू ६ करोड ७० लाख बजेट

विनियोजन गरेको छु । विपन्न समुदाय धारा जडानको लागि रू. ७० लाख बजेट विनियोजन गरेको छु ।

## योजना तथा बजेट

आवधिक योजना निर्माण, एलजी पास अभिमुखीकरण, उपभोक्ता समिति अभिमुखीकरण, डिजिटल योजना प्रणालीलगायतका कार्यका लागि रू २५ लाख विनियोजन गरेको छु ।

## सूचना तथा प्रविधि एवम् डिजिटल प्रणाली

महानगरमा हाल प्रयोगमा रहेका अनलाईन राजस्व प्रणाली, अनलाईन पेमेन्ट, अनलाईन नक्सा प्रणाली, अनलाईन गुनासो व्यवस्थापन, अनलाईन पञ्जीकरण, डिजिटल नागरिक बडापत्र, बायोमेट्रिक हाजिरी लगायतको कार्यक्रम कार्यान्वयन गर्न रू ५० लाख विनियोजन गरेको छु ।

## रोजगार प्रबर्धन तथा उद्यमशीलाता विकास

मागमा आधारित सीपमूलक तालिम, उद्यमशीलता विकास सहयोग कार्यक्रम, युवा तथा उद्यमीहरूलाई नवीन व्यवसाय शुरू गर्न बीउपूँजी अनुदान लगायतको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू ५० लाख बजेट व्यवस्थापन गरेको छु ।

## पर्यटन, उद्योग वाणिज्य तथा सहकारी

धार्मिक मठमन्दिर, गुम्बा निर्माण, पर्यटकिय स्थलमा शौचालय निर्माण, मौलिकता झल्किने प्रतिक्षालय तथा स्मार्ट बस स्टप निर्माण, भरतपुर महानगरपालिका गेट निर्माण ,सीप विकास तथा प्रविधि हस्तान्तरण

लगायतका पर्यटन तथा उद्योग बाणिज्य एवम्  सहकारी सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रू ४ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

## युवा तथा खेलकुद

महानगर क्रिकेट कप र  फुटवल लिग लगायतका खेलकुदका लागि रू. ६९ लाख बजेट विनियोजन गरेको छु ।गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको अधुरो कार्य पूरा गर्नको लागि संघीय सरकार, बागमती प्रदेश सरकारसँग साझेदारी र सहकार्य गरिनेछ जसको लागि रू १४ करोड बजेट विनियोजन गरेको छु ।

## लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

दलित तथा गैरदलितबीचको अन्तरजातीय विवाह गर्ने जोडीलाई संरक्षण तथा सम्मान र पुरस्कार गर्ने कार्यलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु । छोरीहरूको लागि बाल उमङ्ग जीवन बीमा कार्यक्रम निरन्तरता, संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन तथा सबै प्रकारका आन्दोलनमा शहीद भएका तथा बेपत्ता भएका परिवारका लागि प्रदान गर्रिदै आएको मासिक जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिन र बालमैत्री महानगर बनाउनको लागि १करोड ७० लाख बजेट विनियोजन गरेको छु । लक्षित वर्ग तथा सामाजिक उत्थान, क्षमता विकास मागमा आधारित तालिमको लागि रू. ४० लाख विनियोजन गरेको छु ।

## गैरसरकारी संस्था तथा सामुदायिक परिचालन

आमा समूह, टोल विकास संस्था, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् अपाङ्गता भएका व्यक्तिहरूलगायत अन्य कार्यको लागि विविध कार्यक्रम सञ्चालनार्थ रू ४० लाख विनियोजन गरेको छु ।

**विपद् व्यवस्थापन**

महानगरपालिकाको विपद् जोखिम नक्साङ्कन, स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना, खोज तथा उद्धार, आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता विकास, जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुनः स्थापनाजस्ता कार्यका लागि रू ४० लाख बजेट बिनियोजन गरेको छु । महानगरपालिकाको आपतकालीन विपद तथा प्रकोप व्यवस्थापन कोषमा रू १ करोड २५लाख बजेट विनियोजन गरेको छु ।

**राजस्व प्रशासन सञ्चालन**

असल करदाता स्टिकर वितरण, असल करदाता सम्मान, भरतपुर महानगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत कार्यक्रम, समग्र भरतपुर महानगरपालिकाको राजश्व प्रणाली सुत्र प्रणालीमा आवद्धता गर्ने कार्यक्रम, आन्तरिक आयको सम्भावनाहरूको पहिचान तथा अधिकतम परिचालनका लागि आगामी ३ बर्षको राजश्व सुधार कार्ययोजना गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रू २४ लाख वजेट विनियोजन गरेको छु ।
निजी क्षेत्र सँग सहकार्य तथा साझेदारीबाट सञ्चालन हुने कार्यका लागि एकमुष्ठ रू २४ लाख बजेट बिनियोजन गरेको छु ।

## कर्मचारी प्रशासन जनशक्ति विकास तथा सुशासन

जोखिमयुक्त कार्य गर्ने कर्मचारीको स्वास्थ्य बीमा लाई निरन्तरता, जनप्रतिनिधि र कर्मचारीहरूको लागि आवश्यकताका आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम सञ्चालन, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण तथा सेवाग्राहीको सन्तुष्टी मापन कार्यक्रम सञ्चालनमा ल्याउने लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि रू २४ लाख बजेट व्यवस्थापन गरेको छु ।

## सेवा प्रवाह

कर्मचारीको क्षमता अभिवृद्धि गर्न, कर्मचारीहरूको मनोवल उच्च राख्न संघिय सरकारबाट वृद्धि भएको तलब र प्रोत्साहन भत्ताका साथै विगत नवौं नगरसभाबाट दिदै आएको स्थानीय प्रोत्साहन सुविधालाई यथावत राखेको छु।

विगतका वर्षहरूमा विज्ञापनको सम्पूर्ण प्रक्रियाहरू पुरा गरी लिखित, प्रयोगात्मक तथा अन्तर्वार्तासिमेतबाट छनौट भएका तर हालसम्म पनि ज्यालादारीमा कार्यरत कम्प्युटर अपरेटर र प्राविधिक कर्मचारीहरूलाई करार सेवामा रूपान्तरण गरिनेछ । हालसम्म दैनिक ज्यालादारीमा कार्यरत बिजुली मिस्त्री, हेल्पर तथा अन्य कर्मचारीहरूलाई मासिक ज्यालादारीमा रूपान्तरण गरिनेछ।

महानगर भित्रका सबैभन्दा बढी कर तिर्ने व्यक्ति तथा व्यवसायीहरू, उत्कृष्ट कार्य गर्ने विभिन्न विधाका कर्मचारी, उत्कृष्ट निर्माण व्यवसायी

लगायतलाई पुरस्कृत गरिनेछ। यो सँगै महानगरपालिकाको समग्र प्रशासनिक कार्यको लागि एकमुष्ठ रू ८२ करोड विनियोजन गरेको छु।

महानगरपालिकाले देशभित्र भगिनी सम्बन्ध कायम गरेका स्थानीय तहसँग शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रको ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्ने कार्यको लागि पालिका साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ जसको लागि रू ७५ लाख बजेट विनियोजन गरेको छु।

महानगरपालिकाको निर्माणाधिन प्रशासनिक भवनको कार्य सम्पन्न र व्यवस्थित तवरले सेवा प्रवाह गर्न ईन्टेरियरसमेतको कामका लागि रू ९ करोड बजेट व्यवस्थापन गरेको छु ।

महानगर एम्बुलेन्स, उद्धार वाहन तथा शववाहन सवारी साधनका लागि रू १ करोड बजेट विनियोजन गरेको छु।

अन्त्यमा,
प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुऱ्याउनुहुने कार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, विज्ञ महानुभावहरू, राजनीतिकदलका प्रतिनिधि एवम् राजनीतिज्ञ, सञ्चारजगत्, नागरिक समाज, निजी क्षेत्र एवम् विकास सहयात्रीलगायत सम्पूर्ण नगरबासी दाजुभाइ तथा दिदीबहिनी एवम् अहोरात्र खटिने महानगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यय समेटिएको २०८३/०८४ को बार्षिक नगर विकास योजना (रातो पुस्तिका) शीघ्र प्रकाशन गरिने व्यहोरा यस सम्मानित नगरसभा समक्ष जानकारी गराउँछु।

धन्यवाद ।

चित्रसेन अधिकारी
कार्यवाहक नगर प्रमुख
भरतपुर महानगरपालिका भरतपुर, चितवन